बैठक नं.

आज मिति २०८२ साल जेठ महिनाको ३० गते शुक्रवारका दिन पूर्वाह्न ७.३० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी.ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणिन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | हिम बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

CamScanner

## मिति २०८२।०२।३० गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा

२) आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेट सम्वन्धी छलफल सम्वन्धमा ।

३) अन्नपुर्ण प्रज्ञा कार्यविधि २०८२ पारित सम्वन्धमा ।

४) गाउँसभाको मिति तय सम्वन्धमा ।

५) भुमी सम्वन्धी विवरण सम्वन्धमा

६) शिक्षा का कार्यक्रम भुक्तानी सम्वन्धमा सम्वन्धमा

७) काज फिर्तामा सम्वन्धमा ।

८ ) DPR सम्वन्धमा

## मिति २०८२।०२।३० को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैंठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

२) आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेट सम्वन्धी छलफल सम्वन्धमा ।

प्रस्ताव नं.२ मा मा छलफल गर्दा अन्नपुर्ण गाँउपालिकाले आ.व. २०८२।०८३ नीति तथा कार्यक्रम र बजेट तयारीका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

- २०८२ जेष्ठ १ गते राजश्व परामर्श समितिको बैठक
- २०८२ जेष्ठ २ र ३ गते नीति तथा कार्यक्रम सम्वन्धमा विषयगत समीतिको बैठक
- २०८२ जेष्ठ ४ गते कार्यपालिका बैठक
- १०८२ जेष्ठ ६ र ७ गते बजेट तथा कार्यक्रम तयारी बैठक
- २०८२ जेष्ठ ८ गते आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश र पारित गर्ने
- २०८२ जेष्ठ १० गते आ.व. ०८२।०८३ को आर्थिक ऐन, विनियोजन ऐन , बजेट तथा कार्यक्रम प्रस्तुत र पारित

३) अन्नपुर्ण प्रज्ञा कार्यविधि २०८२ पारित सम्वन्धमा ।

CamScanner

प्रस्ताव नं ३ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका क्षेत्रभित्रका साहित्य, कला, संगित तथा संस्कृतिको संरक्षण सम्वर्द्धन र विकास गर्नका लागि तयार अन्नपुर्ण प्रज्ञा प्रतिष्ठान(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो ।

**४) गाउँसभाको मिति तय सम्वन्धमा**

- प्रस्ताव नं ४ मा छलफल गर्दा मिति २०८२ जेष्ठ ८ गते आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम गाउँसभा समक्ष पेश र पारित गर्ने, मिति २०८२ जेष्ठ १० गते आ.व. ०८२।०८३ को आर्थिक ऐन, विनियोजन ऐन , बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने निर्णय गरियो ।

**५) भुमी सम्वन्धी विवरण सम्वन्धमा**

प्रस्ताव नं.५ उपर छलफल गर्दा अव्यवस्थित बसोबासी ५१२, भुमिहीन दलित ७८, भुमिहिन सुकुम्वासी ६३ संख्यामा रहको फाईलहरु भुमि समस्या समाधान आयोग जिल्ला कार्यालयलाई पठाउने निर्णय गरियो ।

**६) शिक्षा का कार्यक्रम भुक्तानी सम्वन्धमा**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा शिक्षा शाखा अन्तर्गतका तपशिल बमोजिमका कार्यक्रमहरुको संशोधन साथै शिर्षक हेरी सशोधन र भुक्तानी गर्न मिल्ने शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

- सुत्केरी सट्टा विदमा नियुक्त शिक्षकहरुलाई रकम उपलव्ध गराउने
- करार शिक्षक नियुक्तिका लागि विज्ञहरुलाई उपलव्ध भत्ता
- राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा विद्यालयहरुलाई व्यवस्थापन खर्च
- एस.इ.इं उच्च शिक्षा अध्ययनका लागि सहयोग रकम
- विद्यालयमा कक्षा व्यवस्थापन
- बालकक्षा व्यवस्थापन
- कम्प्युटर र विविध

**७) काज फिर्तामा सम्वन्धमा ।**

प्रस्ताव नं.७ मा छलफल गर्दा यस कार्यालयको स्विकृत दरबन्दी तेरिजमा यस कार्यालय शिक्षा शाखामा स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह शिक्षा अधिकृत ७/८ औं पदको व्यवस्था रहेकोमा प्रदेश लोक सेवा आयोग, गण्डकीले बढुवा सूचना नं. ४५/२०८१/८२ (ज्येष्ठता) र ५०/२०८१/८२ (ज्येष्ठता) को सूचनाद्वारा कर्मचारी बढुवा गरी स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह सातौं तहको शिक्षा अधिकृत पदमा स्थानीय सेवा (गठन तथा संचालन)

CamScanner

नियमावली, २०८० को परिच्छेद ४ दफा २८ (क) बमोजिम मिति २०८१/१२/०२ गतेको गाउँ कार्यपालिकाको बैठकबाट शिक्षा अधिकृत श्री सरस्वती पुनलाई नियुक्ति दिएको हुँदा नेपाल शिक्षा सेवा शिक्षा प्रशासन समूह शारीरिक उप समूह रा.प.तृतिय श्रेणी का शाखा अधिकृत /प्रशिक्षक श्री बलराम भुगाई शिक्षा विभाग मानव संसाधन तथा आन्तरिक व्यवस्थापन शाखाको च.न. ४३१ मिति २०७४।१०।०७ को पत्रानुसार मिति २०७४।१०।२३ गते देखि यस कार्यालयमा हाजिर भई कामकाज गदै आउनु भएको, कर्मचारी समायोजन ऐन २०७५ बमोजिमक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा समायोजन भएको, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरवार, काठमाण्डौ को मिति २०७६।०७।२० को पत्रबाट यस कार्यालयमा काज खटिई हालसम्म यस कार्यालयमा कार्यरत रहेकोमा मिति २०८२ जेष्ठ ३० गतेको कार्यपालिको बैठकको निर्णयानुसार निजलाई ले २०८२ असार ७ गते देखि लागु हुने गरी काज फिर्ता गर्ने निर्णय गरियो ।

८ ) **DPR सम्वन्धमा**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा हिले झिलिबराङ चामे झो.पु. अन्नपुर्ण ९ र मोदी १ जोड्ने (परिमार्जित विस्तृत परियोजना प्रतिवेदन), वडा नं १० घान्द्रुक आधारभुत स्वास्थ्य केन्द्र निर्माण सम्वन्धी DPR स्विकृत गर्ने र धोती खोला मोटररेवल पुलको तयार DPR स्वीकृत गर्ने साथै सो को रकम भुक्तानी गर्ने निर्णय गरियो ।